नेपाल सरकार

# पूर्वाधार विकास मन्त्रालय

# यातायात व्यवस्था विभाग

मीनभवन, काठमाडौं

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाण्डौ

☎ ४५७४९२१ (एक्सचेन्ज)
४५७४९२२

✉:**admin@dotm.gov.np**
website:www.dotm.gov.np


पत्र संख्या :- ०८३/८४

नेपाल संवतः- ११४६

## सतर्कता तथा पूर्वतयारीका लागि अनुरोध।

जल तथा मौसम पूर्वानुमान विभागको मिति २०८३/०६/०८ गते विहान ८:०० बजेको बुलेटिन अनुसार सम्बत् २०८३ असोज ८ देखि ११ गतेसम्म कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको थोरै स्थानमा साथै मधेश प्रदेशको एक-दुई स्थानमा भारी वर्षाको सम्भावना भएको | मधेश प्रदेश तथा कोशी, बागमती, गण्डकी र लुम्विनी प्रदेशको तराई भू-भागका केही स्थानमा हावाहुरीको समेत सम्भावना रहेकोले ती क्षेत्रमा हुन सक्ने गेग्रान बहाव, बाढी, पहिरो तथा भू-क्षय जस्ता प्रकोपको जोखिम वा क्षतिबाट बच्न तथा यस बाट ती क्षेत्रहरूमा दैनिक जनजीवन लगायत सडक तथा यातायात क्षेत्रमा असर पर्ने सम्भावना रहेकोले आवश्यक सतर्कता अपनाउन हुन तथा आवश्यक तयारी गर्नुहुन अनुरोध छ ।

- अति आवश्यक अवस्थामा बाहेक लामो दूरी तथा रातिको समयमा यात्रा नगर्ने। यात्रा गर्नुअघि सडक तथा मौसमको अवस्थाबारे जानकारी लिने।
- अत्यावश्यकीय चलाउनु पर्ने अवस्थामा मध्यम तथा लामो दूरीमा सञ्चालन हुने सार्वजनिक सवारी साधनले आफ्नो सवारीमा अत्यावश्यकीय प्राथमिक स्वास्थ्य उपचारका सामाग्री, पिउने पानी तथा अत्यावश्यक अवस्थामा खान मिल्ने खानेकुरा राखेर मात्र सवारी सञ्चालन गर्न यातायात व्यवसायीहरूलाई अनुरोध छ।
- सडकमा पहिरो, ढुङ्गा खस्ने, सडक भासिने वा खोल्सा खोलीमा पानीको बहाव बढेको अवस्था देखिएमा जोखिम मोलेर बाटो पार नगर्ने। सुरक्षित स्थानमा रोकिने र सम्बन्धित निकायलाई जानकारी गराउने।
- जोखिमको सङ्केत देखिएमा समयमै नजिकको सुरक्षित आश्रयस्थलमा जाने र स्थानीय तह तथा सुरक्षा निकायसँग समन्वय गर्ने।
- अत्याधिक वर्षाका कारणले रेड जोनमा परेका सडक खण्ड तथा सडकहरूमा र अवरुद्ध सडक खुलाउने सम्बन्धमा हेभी ईक्यूपमेन्ट तयारी अवस्थामा राख्न सडक विभाग र सम्बन्धित स्थानीय तहलाई अनुरोध छ।
- नेपाल मौसम विज्ञान विभाग, सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा सुरक्षा निकायबाट जारी हुने आधिकारिक पूर्वानुमान, पूर्वसूचना र चेतावनीबारे नियमित जानकारी लिने तथा निर्देशनको पालना गर्ने।

मिति २०८३/०६/०८ बिहीबार
नेपाल सम्बत् ११४६

निर्देशक